# कृषि विकास बैंक लि.
## मुख्य कार्यालय,रामशाहपथ, काठमाडौं

## सोह्रौं वार्षिक साधारणसभाको निर्णय (संक्षिप्त)

**(कम्पनी ऐन २०६३ को दफा ७५ को उपदफा (३) को प्रयोजनको निमित्त प्रकाशित)**

**सभाको अध्यक्षता :**
कृषि विकास बैंक लि.को सोह्रौं वार्षिक साधारणसभा बैंक सञ्चालक समितिका अध्यक्ष श्री रामशरण पुडासैनीज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

**सभाको मिति, स्थान तथा समय :**
मिति :- वि.सं. २०७९ चैत्र १४ (२८ मार्च, २०२३)
स्थान :- कृषि विकास बैंक लि., केन्द्रीय तालीम प्रतिष्ठान, बोडे भक्तपुर ।
समय :- दिनको ११:०० बजे

**कुल उपस्थिति संख्या :**

| | | | | |
|---|---|---|---|---|
| कुल शेयर कित्ता<br>१३,१८,७९,१५७.६३ | स्वयं उपस्थित कित्ता संख्या<br>२,७७,६८४ | प्रतिनिधिपत्र मार्फत उपस्थित शेयर कित्ता संख्या<br>७,७६,४५,५८७ | कुल उपस्थित शेयर कित्ता<br>७,७९,२३,२७१ | शेयर प्रतिनिधित्व प्रतिशत |
| कुल शेयरधनी संख्या<br>२,८६,६७६,भौतिक तथा अभौतिक समेत गरेर) | स्वयं उपस्थित शेयरधनी संख्या<br>४४२ | प्रोक्सी तथा प्रतिनिधि मार्फत उपस्थित शेयरधनी संख्या<br>४८ | ४९० | ५९.०८% |

**सभाको वैधानिकता :**

सोह्रौं वार्षिक साधारणसभाका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम सम्पूर्ण शेयरधनीहरुलाई सूचना दिइएको एवं सोही ऐनको दफा ७३ को उपदफा (२) अनुरुपको गणपूरक संख्या समेत पुगेको व्यहोरा कम्पनी सचिवले सभा समक्ष प्रस्तुत गर्नु भयो । सभा बोलाउनका लागि प्रचलित कानूनी व्यवस्थाको पालना गरेको पाइएको र सभाको लागि आवश्यक गणपूरक संख्या समेत पुगेकोले अध्यक्षज्यूले आजको सभाको कामकारबाही शुरु हुने जानकारी गराई कम्पनी सचिव श्री हिमलाल पौडेललाई सभाको कार्य अगाडि बढाउन अनुमति दिनु भयो । तत्पश्चात कम्पनी सचिवले सभाको काम कारबाहीलाई अगाडि बढाउनु भयो ।

**छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :**
सामान्य तथा विशेष तर्फको प्रस्तावहरु सभामा छलफलको लागि प्रस्तुत भए लगत्तै शेयरधनीहरुले आफनो मन्तव्य राख्नुहुने क्रमशः श्री व्यास कुमार शर्मा, श्री शत्रुधन श्रेष्ठ, श्री चन्द्र नारायण श्रेष्ठ, श्री दिलिप श्रेष्ठ, श्री उद्धव प्रसाद घिमिरे, श्री भक्ति प्रसाद उप्रेती, श्री शिव पौडेल, श्री लव जोशी, श्री सुदिप श्रेष्ठ, श्री इन्द्र कृष्ण श्रेष्ठ, श्री दामोदर प्रसाद रेग्मी, श्री प्रमोद बाबु तिवारी, श्री अरुण सिग्देल र लिखित रुपमा श्री कृष्ण अधिकारी (कश्यप) समेत गरी १४ जना शेयरधनी महानुभावहरुले बैंकको कामकारबाही, वार्षिक हरहिसाब तथा वार्षिक प्रतिवेदनका सम्बन्धमा छलफलका लागि उपस्थित भई तथा लिखितरुपमा अत्यन्त महत्वपूर्ण विचार, महत्वपूर्ण राय, जिज्ञासा एवं सुझावहरु प्रस्तुत गर्नुभयो ।

**अध्यक्षबाट छलफलमा आएका विषयहरुको बारेमा जवाफ र प्रतिउत्तर**
यसको लगत्तै संचालक समिति अध्यक्ष श्री रामशरण पुडासैनीज्यूले शेयरधनीहरुले उठाएका प्रश्न, जिज्ञासा, राय, सुझाव एवं धारणा उपर जवाफ एवं प्रतिक्रिया दिनु भयो ।

**सभाको निर्णय**

**(क) सामान्य प्रस्तावहरु :**
आदरणीय शेयरधनी महानुभावहरुले उठाउनु भएको प्रश्न, जिज्ञासा एवं सुझावका सम्बन्धमा वार्षिक साधारणसभाको अध्यक्षता गरिरहनु भएका सञ्चालक समितिका अध्यक्षले जवाफ/जानकारी दिनु भए पश्चात अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले सर्वप्रथम सामान्य प्रस्तावको क्रमशः सूची नं. (१), (२), (३), (४), (५) र (६) मा रहेको प्रस्तावलाई पारित गरिदिन सभा समक्ष अनुरोध गर्नु भएकोमा प्रस्ताव पेश गरिए अनुसार नै सामान्य प्रस्तावको सम्बन्धमा देहाय अनुसारको सर्वसम्मत निर्णय भयो :-

(१) निर्धारित विषयसूची नं. (१), सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित भयो ।

(२) निर्धारित विषयसूची नं. (२), लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तमा समाप्त भएको आर्थिक बर्ष २०७८/७९ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, ईक्विटीमा भएको परिवर्तन, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु सर्वसम्मतिबाट पारित भयो ।

(३) निर्धारित विषयसूची नं. (३), यस बैंकको सहायक कम्पनीहरु “कोष व्यबस्थापन कम्पनी लि.” तथा “गोबर ग्यास कम्पनी” र सम्वद्ध कम्पनी “साना किसान बिकास लघुवित्त वित्तिय संस्था लि.” को आ.ब. २०७८/७९ को वित्तिय विवरण सहितको एकीकृत वित्तिय विवरणहरु सर्वसम्मतिबाट पारित भयो ।

(४) निर्धारित विषयसूची नं.(४),आर्थिक वर्ष २०७८/७९ को मुनाफाबाट साधारण शेयरधनीहरुलाई चुक्ता पूंजीको ११ प्रतिशतले हुने नगद लाभांश (कर प्रयोजन समेत) रु.१,४५,०६,७०,७३३।९० र अग्राधिकार शेयर वापत चुक्ता पूंजीकोको ६ प्रतिशतले हुने रु.३२,५९,६२,७२०।- बराबरको नगद लाभांश प्रदान गर्ने सम्बन्धी संचालक समितिको प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(५) निर्धारित विषयसूची नं.(५), लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७९/०८० को लागि लेखापरीक्षक नियुक्त गर्न महालेखा परीक्षकको कार्यालयबाट परामर्श प्राप्त भएका चाटर्ड एकाउन्टेन्ट श्री जितेन्द्र कुमार मिश्र, चाटर्ड एकाउन्टेन्ट श्री सुदर्शन राज पाण्डे र चाटर्ड एकाउन्टेन्ट युद्धराज ओलीलाई लेखापरीक्षकमा नियुक्ति गर्ने एवं निजको पारिश्रमिक र सेवा शर्त स्वीकृत सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन भयो ।

**(क) सेवा, शर्त सुविधाहरुः-**

१. पारिश्रमिक बापत लेखापरीक्षकलाई जनही रु. ८,३३,५००।- अक्षरेपी आठ लाख त्यात्तिस हजार पांचसय रुपैया मात्र (मूल्य अभिवृद्धि कर बाहेक) का दरले ३ (तिन) जनाको जम्मा रु.२५,००,५०० ।- अक्षरेपी पच्चिस लाख पांचसय रुपैया मात्र उपलब्ध गराउने ।

२. लेखापरीक्षकलाई Perdiem & Accommodation वापत काठमांडौ उपत्यका बाहिर काम गरेको दिनमा दैनिक रु.२,०००।- (अक्षरेपी दुई हजार रुपैया मात्र) र अन्य सहयोगीलाई प्रतिदिन रु.१,८००।- (अक्षरेपी एक हजार आठ सय रुपैया मात्र) तथा भ्रमण टिकट सुविधा उपलब्ध गराउने र काठमांडौ उपत्यका भित्र (विभाग समेत) काम गरेको दिनमा बैंकको नियामानुसार उपत्यका वाहिर उपलब्ध गराईने दरको आधा रकम मात्र उपलब्ध गराउने ।

३. लेखापरीक्षकले बैंकसँग सम्झौता गरेको ७ (सात) दिन भित्र लेखापरीक्षणमा संलग्न हुने जनशक्ति विवरण समेतको विस्तृत योजना तथा कार्यक्रम (Audit Plan) पेश गर्नुपर्नेछ ।

४. मिति २०८० असोज महिना भित्र अन्तिम लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ ।

५. अन्य कुरा सम्झौतामा उल्लेख गरे अनुसार हुने छ ।

**(ख)** लेखापरीक्षण कार्यलाई व्यवस्थित तुल्याउन बैंक व्यवस्थापन र बाह्य लेखापरीक्षकहरु चार्टर्ड एकाउन्टेन्ट श्री जितेन्द्र कुमार मिश्र, चाटर्ड एकाउन्टेन्ट श्री सुदर्शन राज पाण्डे र चाटर्ड एकाउन्टेन्ट युद्धराज ओली बीच उल्लेखित सेवा, शर्त र सुविधाहरुको अधिनमा रहि यस सोह्रौ वार्षिक साधारणसभाबाट अनुमोदन भएकोले निज लेखापरीक्षकहरुसँग कार्यसम्पादन सम्झौता गर्न व्यवस्थापनलाई निर्देशन दिने ।

(६) बैंकको नियमावलीको नियम १२ को उप-नियम (२) को खण्ड (ख) मा व्यवस्था भए अनुसार समूह "ख" का सर्वसाधरण शेयरधनीका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तिन) जना संञ्चालकहरुको आवश्यक प्रकृया पुरा गरि निर्वाचन गर्न नियूक्त हुनु भएका प्रमुख निर्वाचन अधिकृत बरिष्ठ अधिवक्ता यदुनाथ खनालबाट गरिमामय साधरणसभामा पेश गर्नु भएको प्रतिवेदन अनुसार श्री गोविन्द प्रसाद भट्टराई, श्री संजिव पौडेल र श्री विनोद कुमार गुरांगाई निर्विरोध निर्वाचित हुनु भएको विषयलाई जानकारी लिई पारित गरियो ।

**(ख) विशेष प्रस्ताव :**

सामान्य प्रस्तावको उल्लेखित विषयहरुमा छलफल तथा निर्णय भए पश्चात कम्पनी सचिवले विशेष प्रस्तावको निर्णयका लागि आवश्यक पर्ने संख्या सभाहलमा कायम रहेको सम्बन्धमा सभालाई जानकारी गराए लगत्तै विशेष प्रस्तावको सूचीमा रहेका प्रस्तावहरुलाई पारित गरीदिन एक-एक गरी निर्णयार्थ प्रस्तुत गर्नु भएकोमा त्यसै अनुरुप देहाय अनुसार सर्वसम्मत निर्णय भयो :

(१) निर्धारित विषयसूची नं. (१) साधारण शेयरधनीहरुलाई चुक्ता पूंजीको २ प्रतिशतले हुने .रु.२६,३७,५८,३१५।२५ बराबरको वोनस शेयर प्रदान गर्ने सम्वन्धी संचालक समितिको विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

(२) निर्धारित विषयसूची नं. (२) विशेष प्रस्ताव नं. (१) बमोजिमको वोनस शेयर प्रस्ताव गरिएकोमा सो समेत समायोजन हुने गरी बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने विषयहरु समावेश गरिएको बैंकको प्रबन्धपत्र र नियमावलीको तत्सम्बन्धि दफा/नियम एवं उप-दफा/उप-नियमहरु संशोधन तथा थप गर्ने सम्बन्धी संलग्न तीन महले सहितको विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

(३) निर्धारित विषयसूची नं. (३), बैंकको प्रबन्धपत्रको दफा ५ को उप-दफा (२), (३) र दफा ७ को उप-दफा (२) को खण्ड (क) र (ख) मा संशोधन तथा थप गर्ने सम्बन्धी तीन महले सहितको विशेष प्रस्ताव पेश गरिए अनुसार नै संशोधन/थप हुनेगरी सर्वसम्मतिले पारित भयो ।

(४) निर्धारित विषयसूची नं.(४) बैंकको नियमावलीको नियम ५ को उपनियम (२) र (३), नियम ७ को उपनियम (१) को खण्ड (क) र (ख), मा संशोधन तथा थप गर्ने सम्बन्धी तीन महले सहितको विशेष प्रस्ताव पेश गरिए अनुसार नै संशोधन/थप हुनेगरी सर्वसम्मतिले पारित भयो ।

(५) निर्धारित विषयसूची नं.(५) प्रबन्धपत्र तथा नियमावलीमा प्रचलित कानून बमोजिम संशोधन गर्नु पर्ने भएमा वा नियमनकारी निकायबाट संशोधन गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन तथा संशोधनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने विषय पारित भयो ।

**(ग) विविध प्रस्ताव :** विविधमा कुनै पनि प्रस्ताव नभएको ।

<u>धन्यवाद ज्ञापन तथा सभा विसर्जन</u>

सभाको अन्तमा सभाको अध्यक्षता गरिरहनु भएका सञ्चालक समितिका अध्यक्ष श्री रामशरण पुडासैनीज्यूले उपस्थित सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै सभाको समापन भएको घोषणा गर्नु भयो । सभाको कामकारवाहीको बिबरण (माईन्यूट) विस्तृत रुपमा अध्ययन गर्न ईच्छुक शेयरधनी महानुभावहरुले यस बैंकको वेभसाईट www.adbl.gov.np मा हेर्न वा मुख्य कार्यालय रामशाहपथमा आई हेर्न, अध्ययन गर्न वा प्रतिलिपि प्राप्त गर्न सक्नु हुनेछ ।

..............................
हिमलाल पौडेल
कम्पनी सचिव

..............................
रामशरण पुडासैनी
अध्यक्ष, संचालक समिति